मिति २०७७ साल जेष्ठ २३ गतेका दिन COVID-19 Crisis Management Center जुम्लाले गरेका मूख्य मूख्य निर्णयहरू।

**निर्णयहरू:-**

**नि.नं. १.** जिल्ला स्तरीय एकीकृत क्वारेन्टाईन सेन्टरका रूपमा रहेका कर्णाली प्राविधिक शिक्षालयमा रहेका व्यक्तिको स्वास्थ्य परीक्षण तथा क्वारेन्टाईन व्यवस्थापनमा खटिएका कर्मचारीमा देखिएको संक्रमणबाट स्थानीय स्तरमा हुन सक्ने फैलावटलाई मध्येनजर गर्दै पहिलो चरणमा चन्दननाथ नगरपालिकाको वडा नं. २ र ३ को पुर्व देवलडाँडा पश्चिम जुगाड खोला उत्तर सिनामूल दक्षिण जुम्ला बहुमुखी क्याम्पसको क्षेत्रलाई आज मिति २०७७/०२/२३ गते देखी २५ गतेसम्म Seal गर्ने तथा संक्रमित व्यक्तिहरूले भेटेका अन्य स्थानीय व्यक्ति तथा पसल भएका घरलाई Seal गरी निगरानी बढाउने। यसरी व्यक्तिहरूको Contract Tracing गर्ने कार्यको जिल्ला जनस्वास्थ्य सेवा कार्यालय, जुम्लाको नेतृत्वमा चन्दननाथ नगरपालिका वडा नं. २ र ३ का वडा अध्यक्षहरू, चन्दननाथ नगरपालिका स्वास्थ्य शाखा तथा स्वयंसेवक समूहले सहयोग गर्ने।

**नि.नं. २.** जुम्ला जिल्लामा हाल क्वारेन्टाईनमा रहेका व्यक्तिहरूको संख्या आजका मितिसम्म ७८६ रहेको र निरन्तर बढिरहेको तर हाल जिल्लामा ३०० RDT kit मात्र रहेकोले सम्पूर्ण व्यक्तिहरूको परीक्षणका लागि कम्तिमा १००० (एक हजार) RDT kit आवश्यक रहेकोले प्रदेश संकट व्यवथापन केन्द्र तथा संकट व्यवस्थापन केन्द्र, सुर्खेत छाउनी काठमाण्डौसँग अनुरोध गर्ने।